उद्योग, कोशी प्रदेश सरकार
कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

# कृषि ब्यवसाय सम्बर्धन/प्रवर्द्धन कक्ष स्थापना तथा सञ्चालन मार्गदर्शन, २०८३

प्रस्तावनाः कोशी प्रदेशमा ब्यवसायिक कृषिको प्रवर्द्धन गर्न सम्बद्ध सरोकारवालालाई कृषि ब्यवसाय शुरुवात तथा सञ्चालन गर्न आवश्यक प्राविधिक तथा अन्य सम्बद्ध विषयमा सेवा उपलब्ध गराउन, कोशी प्रदेश विनियोजन ऐन, २०८३ को दफा ११ उपदफा (२) बमोजिमको अधिकार प्रयोग गरी उद्योग, कृषि तथा सहकारी मन्त्रालयले यो मार्गदर्शन बनाएको छ।

१. <u>सम्क्षित नाम र प्रारम्भः</u> (१) यो मार्गदर्शनको नाम "कृषि ब्यवसाय सम्बर्धन/प्रवर्द्धन कक्ष स्थापना तथा सञ्चालन मार्गदर्शन, २०८३" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,-

(क) "कृषि ब्यवसाय " भन्नाले कोशी प्रदेशमा उत्पादन हुने खाद्यान्न, तरकारी, फलफूल, मसलाबाली, औद्योगिकबाली, लयायतका विविध बाली उत्पादन, प्रसोधन मूल्य अभिबृद्धि र बजारिकरण सम्बद्ध ब्यवसाय सम्मझनु पर्छ ।

(ख) "कृषि ब्यवसाय सम्बर्धन/प्रवर्द्धन कक्ष" भन्नाले उपदफा (क) मा उल्लिखित बाली सम्बद्ध ब्यवसाय दर्ता, वित्तिय सेवा, यन्त्र उपकरण, सम्बद्ध सेवा प्रदायकहरु, जग्गा छनोट देखि उत्पादन, बाली कटाई, भण्डारण, प्रसोधन मूल्य अभिबृद्धि, बजारिकरण र ब्यवसायिक योजना तयारी सम्बन्धि जानकारी तथा परामर्श अनलाईन वा अफलाईन उपलब्ध गराउन कक्ष सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेशको कृषि विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(घ) "निर्देशनालय" भन्नाले प्रदेशको कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

(ङ) "सेवा प्रदायक" भन्नाले कृषि उत्पादनका लागि बीउ बिजन, बेर्ना, यन्त्र उपकरण, कृषि रसायन, मल आदि आपुर्तिकर्ता, कृषि प्रविधि प्रसारकर्ता, कृषि उपज खरिद तथा बिक्रीकर्ता, प्रसोधनकर्ता, ढुवानी सेवा, कस्टम ह्यारिङ्ग केन्द्र सञ्चालक, बैक तथा वित्तिय संस्था, बाली बिमा प्रदायक, कृषि अनुसन्धानकर्ता आदि सम्झनुपर्छ ।

३. **कृषि ब्यवसाय सम्बर्धन कक्ष/प्रवर्द्धन कक्ष स्थापनाः** (१) कृषि ब्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, झुम्का, सुनसरीमा कृषि ब्यवसाय सम्बर्धन कक्ष/प्रवर्द्धन कक्ष स्थापना गरिनेछ।

(२) बार्षिक स्वीकृत बजेट अनुसार कृषि ब्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, झुम्काले कृषि ब्यवसाय सम्बर्धन कक्ष/प्रवर्द्धन कक्ष स्थापना गर्न प्रचलित नियमानुसार देहाय बमोजिमका कार्यहरुमा खर्च गर्न सक्नेछः-

(क) सम्बर्धन कक्ष/प्रवर्द्धन कक्ष स्थापनाका लागि शैक्षिक सामाग्री, अडियो, भिडियो, पोडकास्ट, श्रब्य दृश्यहरु तयार गर्न कम्प्यूटर, प्रिन्टर, स्क्यानर, प्रिन्टर, ल्यापटप, क्यामेरा, डेटा स्टोरेज, स्मार्ट बोर्ड लगायत अन्य उपकरण तथा फर्निचरको ब्यवस्थापन खर्च,

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
विराटनगर, नेपाल

(ख) सम्बर्धन कक्ष/प्रवर्द्धन कक्षबाट अनलाईन प्रशिक्षण कक्षा, परामर्श सेवा कक्षा, सेमिनार र वेभिनारहरु सञ्चालन गर्न उच्च गतिको ईन्टरनेट सेवा र अनलाईन सेवाहरुको व्यवस्थापन खर्च,

(ग) सम्बर्धन कक्ष/प्रवर्द्धन कक्षका लागि शैक्षिक सामाग्री, अडियो, भिडियो, पोडकास्ट, श्रव्य दृश्यहरु तयार गर्न सम्बद्ध कर्मचारीलाई आवश्यक तालिम बापतको खर्च,

(घ) सम्बर्धन कक्ष/प्रवर्द्धन कक्षका लागि शैक्षिक सामाग्री, अडियो, भिडियो, पोडकास्ट, श्रव्य दृश्यहरु तयार गर्ने क्रममा भएको भ्रमण खर्च तथा बाहिरी विज्ञको प्रचलित नियमानुसार पारिश्रमिक खर्च,

(ङ) सम्बर्धन कक्ष/प्रवर्द्धन कक्षबाट सञ्चालन हुने अनलाईन तथा अफलाईन सेमिनार तथा कार्यशालाहरुमा प्रशिक्षण र कार्यपत्र बापत आन्तरिक तथा बाहिरी विज्ञको प्रचलित नियमानुसार पारिश्रमिक खर्च।

(३) सम्बर्धन कक्ष/प्रवर्द्धन कक्ष स्थापना र सञ्चालनका लागि कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, झुम्काले मन्त्रालयको सहमति लिई सम्बद्ध अन्य सरकारी, निजी सेवा प्रदायक, गैर सरकारी निकाय र विश्व विद्यालयहरुबाट प्राविधिक सहयोग लिन सक्नेछ।

४. <u>कृषि व्यवसाय सम्बर्धन कक्ष/प्रवर्द्धन कक्षबाट उपलब्ध हुने सेवा तथा परामर्शः</u> (१) कृषि व्यवसाय सम्बर्धन कक्ष/प्रवर्द्धन कक्षबाट देहाय अनुसारका सेवा तथा परामर्शहरु उपलब्ध गराउन सकिनेछः-

(क) कोशी प्रदेशका कृषि व्यवसायिलाई दफा २ (ख) मा उल्लिखित अनलाईन वा अफलाईन जानकारी तथा परामर्श सेवा,

(ख) मन्त्रालय, निर्देशनालयको निर्देशन अनुसार प्रदेशका विभिन्न जिल्ला, स्थानिय तहमा कृषि उत्पादन, बजारिकरण, कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धि आयोजना कार्यक्रम सञ्चालन गर्ने उद्धेश्यले गरिने संभाव्यता अध्ययन सम्बन्धि सेवा,

(ग) प्रदेशका स्थानीय तहको अनुरोध अनुसार स्थानीय तहमा स्थान विशेष कृषि उत्पादन, बजारिकरण, कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धि आयोजना कार्यक्रम तर्जुमा तथा स्थानीय तहका प्राविधिकलाई अनलाईन वा स्थलगत प्रशिक्षण सेवा,

(घ) बैक, वित्तिय संस्थाको अनुरोधमा स्थान विशेष कृषि व्यवसाय लगानीका क्षेत्र तथा संभाब्य कृषि व्यवसायीसँग समन्वय सहजिकरण सेवा,

(ङ) कृषि व्यवसायीलाई बाली विमाका सेवा प्रदायकसँग समन्वयमा सहजिकरण सेवा,

(च) कृषि व्यवसायीलाई कृषि अनुसन्धान केन्द्र, कृषि अध्यापन गराउने विश्वविद्यालय र निजी सेवा प्रदायकका आधुनिक कृषि प्रविधि बारेमा जानकारी गराउन आवश्यक सहजिकरण सेवा,

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश सरकार
विराटनगर, नेपाल

(छ) खण्ड (ख) र (ग) प्रयोजनका लागि कोशी प्रदेश सरकार, नेपाल सरकार र नेपाल कृषि अनुसन्धान परिषदका बहालवाला वा सेवा निबृत्त प्राविधिकको सहेत सहयोग लिन सकिनेछ।

(२) उपदफा (ग) अनुसारको कार्य सम्पादन गर्दा लाग्ने नियमानुसारको खर्च सम्बन्धित स्थानीय तहले बेहोर्नु पर्नेछ।

५. <u>कृषि ब्यवसायीको अभिलेखिकरणः</u> कृषि ब्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रले कृषि ब्यवसाय सम्बर्धन कक्ष/प्रवर्द्धन कक्षबाट सेवा उपलब्ध गराएका तथा प्रदेशको विभिन्न जिल्लामा रहेका कृषि ब्यवसायीको विवरण प्रत्येक वर्ष संकलन तथा अद्यावधिक गरी बार्षिक प्रगति प्रतिवेदनमा समावेश गर्नु पर्नेछ।

६. <u>जनशक्ति ब्यवस्थापनः</u> कृषि ब्यवसाय सम्बर्धन कक्ष/प्रवर्द्धन कक्ष नियमित सञ्चालनका लागि कृषि ब्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रको विद्यमान जनशक्तिबाट ब्यवस्थापन गर्नुपर्नेछ।

७. <u>अनुगमनः</u> मन्त्रालय र निर्देशनालयले कृषि ब्यवसाय सम्बर्धन कक्ष/प्रवर्द्धन कक्ष सञ्चालनको नियमित रुपमा अनुगमन गरि सुझाव उपलब्ध गराउनु पर्नेछ।

प्रदेश सचिव

राम प्रसाद महतो
मन्त्री